क्षेत्रीय अखबार
# पश्चिम नेपाल
-वर्ष: २०, अङ्क: ४४, २०८२ साउन १२ गते सोमबार (28 Jul., 2025) -मूल्य: रु. ५।-, -पृष्ठ ४
सुदूरपश्चिममा सर्वाधिक विक्री हुने पत्रिका
दैनिक

रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

# क्रान्तिकारीका नेताबीच कुटाकुट, प्रदेश इन्चार्ज भट्टको टाउकोमा ७ टाँका


## घटनालगत्तै भुवन विष्ट पार्टीबाट निष्कासित

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ११ साउन**

कञ्चनपुरमा माओवादी केन्द्रका विद्यार्थी नेताहरुबीच कुटाकुट भएको छ। सुदूरपश्चिम विश्व विद्यालयको स्ववियु निर्वाचनका विषयमा भइरहेको छलफलमा विवाद भएको र भुवन विष्टले र रामचन्द्र भट्टलाई ढुङ्गा प्रहार गरेको माओवादी नेताहरूले बताएका छन्। अखिल क्रान्तिकारी निर्वाचनमा दुवै उपमहासचिव पदमा लडेका थिए। भट्ट निर्वाचित हुँदा विष्ट पराजित भएका थिए।

उपमहासचिवमा निर्वाचित भएपछि भट्टले सुदूरपश्चिम इन्चार्जको जिम्मेवारी पनि पाए। विगतका दुवै पार्टी भित्र पनि एउटै टिममा रहेको तर, अखिल क्रान्तिकारीको निर्वाचन पछि मनमुटाब भएको माओवादी नेताहरू बताउँछन्। आइतबारको घटना पनि त्यही विषयले निम्त्याएको हुनसक्ने उनीहरूको बुझाइ छ।

जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक सागर बोहराले कुटाकुटमा भुवन विष्ट र रामचन्द्र भट्ट दुवै घाइते भएको बताए। विष्टको महाकाली प्रादेशिक कार्यालय, महेन्द्रनगर र रामचन्द्र भट्टको धनगढीस्थित माया मेट्रो अस्पतालमा उपचार भइरहेको प्रहरीले बताएको छ। भट्टको टाउकोमा सात वटा टाँका लागेका छन्। भट्टलाई ढुङ्गाले हानेको भन्दै विष्टलाई प्रहरीले पक्राउ गरेको छ। यसैबीच माओवादी केन्द्र कञ्चनपुर जिल्लाले एक विज्ञप्ति जारी गर्दै बिस्टलाई साधारण सदस्य समेत नरहने गरी पार्टीबाट निष्कासन गरेको छ। इन्चार्ज


संसारका मजदुरहरु -एक होऔ !
Workers of the world, unite !
मार्क्सवाद-लेनिनवाद-माओवाद-जिन्दावाद !
Long Live Marxism-Leninism-Maoism !

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)
Communist Party of Nepal (Maoist Centre)
जिल्ला समन्वय समिति, कञ्चनपुर
District Coordination Committee, Kanchanpur

पत्र संख्या: ०८२/०८३
चलानी नं. १६६

मिति : २०८२/०४/११

विषय : कार्वाही सम्वन्धमा

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) कन्चनपुर जिल्ला भिमदत्त नगर कमिटी सदस्य भुवन सिंह बिष्ट ले पार्टी भित्र र बाहीर अनुसासन हिन कार्य गर्दै आएकाले पटक पटक मौखिक रुपमा सचेत र सजक गराउदा समेत अटेरी गर्दै आइरहेको र आज मिति २०८२/०४/११ गतेका दिन जिल्ला पार्टी कार्यालयमा विद्यार्थी संगठनको अनौपचारीक छलफल चलिरहेको समयमा पुर्व रिसीबी पोखी अखिल (क्रान्तिकारी) का सु.प प्रदेश इन्चार्ज क. राम चन्द्र भट्ट लाई मरणासन्न हुने गरि आकमण गरेकोले आजकै मिति देखि निज भुवन सिंह बिष्ट लाई नेकपा (माओबादी केन्द्र) को साधारण सदस्य समेत नरहने गरि पार्टी बाट निस्कासित गरीएको यसै प्रेस बिज्ञप्ती मार्फत जानकारी गरिन्छ। यस्ता अराजक गतिबिधी गर्ने उदण्डता मच्चाउने निज भुवन सिंह बिष्टलाई तत्काल नियन्त्रणमा लिई कानुनी कार्वाही गर्न सम्बन्धीत निकाय लाई अनुरोध गरिन्छ। साथै उक्त आकमण बाट गम्भीर घाइते क. राम चन्द्र भट्ट लाई सिघ्र स्वास्थ लाभको कामना व्यक्त गर्दछौ।

टेकेन्द्र प्रसाद भट्ट
ईन्चार्ज

खेम राज पाण्डेय
संयोजक



टेकप्रसाद भट्ट र संयोजक खेमराज पाण्डेयले संयुक्त विज्ञप्ति जारी गर्दै विगत देखिनै अनुशासनहीन काम गरेको र आइतबार आफ्नै सङ्गठनको नेतालाई आक्रमण गरेको भन्दै उनलाई पार्टीबाट निष्कासन गरिएको जनाइएको छ। विज्ञप्तिमा विष्टलाई नियन्त्रणमा लिएर कारबाही गर्न माग पनि गरिएको छ।

# आत्महत्या दुरुत्साहनमा दोस्रो पटक म्याद थप गरी भट्ट दम्पतिमाथि अनुसन्धान जारी

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ११ साउन**

भीमदत्त नगरपालिका-७ की एक महिलाले आत्महत्या गरेपछि आत्महत्या दुरुत्साहनको जाहेरीमा पक्राउ परेका दम्पत्तिलाई अदालतबाट दोस्रो पटक म्याद थप गरी अनुसन्धान भइरहेको छ। जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता डिएसपी सागर बोहराले भीमदत्त नगरपालिका-६ का रामदत्त भट्ट र उनकी श्रीमतीलाई कञ्चनपुर जिल्ला अदातबाट दोस्रो पटक शुक्रबार ७ दिनको म्याद थपेर अनुसन्धान भइरहेको बताए।

गत साता सोमबार पहिलो पटक अदालतले ६ दिन म्याद दिएको थियो।

राष्ट्रिय स्वतन्त्र पार्टीको जिल्ला सचिवसमेत रहेका भट्ट र उनकी श्रीमतीले ती महिलालाई आत्महत्या गर्न बाध्य बनाएको जाहेरी परेपछि दम्पत्तिलाई नियन्त्रणमा लिइएको प्रवक्ताले बोहराले बताए।

हिरासतमा रहेका भट्ट २०८१ को उपनिर्वाचनमा रास्वपाबाट भीमदत्त नगरपालिका-६ को उपनिर्वाचन लडेका थिए। प्रहरी अनुसन्धानपछि आत्महत्याको कारणबारे निष्कर्षमा पुगिने डिएसपी बोहराको भनाई छ।

Admissions Open
Class 11 Admissions open
+2 Science Commerce




रेडियण्ट मा.वि.को भर्ना सम्बन्धी सूचना

२०८१ सालको एसईई परीक्षामा उत्तीर्ण हुनु भएका सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाईका साथै उज्ज्वल भविष्यको शुभकामना व्यक्त गर्दै सुदूर पश्चिमाञ्चल क्षेत्रकै अग्रणी शिक्षण संस्था **रेडिएण्ट मा.वि.**मा शैक्षिक सत्र २०८१/०८२ का लागि **विज्ञान** (Science) तथा **वाणिज्य** (Commerece) तर्फ कक्षा ११ मा तपशिल बमोजिमको कार्यक्रम अनुसार भर्ना खुलेको विषय सम्बन्धित सबै विद्यार्थी तथा अभिभावक वर्गमा सहर्ष जानकारी गराइन्छ।

Admission Open
+2 Science
and
Commerce
Radiant Higher
Secondary
School
Mahendranagar,
Kanchanpur
Phone No.
099-525169
Website :
www.radianths.edu.np

१) **भर्ना मिति** : श्रावण ४ गतेदेखि श्रावण ९ गतेसम्म ।
२) **अभिमूखिकरण कार्यक्रम** (Orientation Program) :**२०८२ श्रावण १0 गते बिहान ८ बजे**
३) **कक्षा सञ्चालन**: २०८२ श्रावण १२ गते दिउँसो १२:२० बजेदेखि
४) **व्यवस्थापन पढ्ने विद्यार्थीहरुलाई यो वर्ष आकर्षक छुट रहनेछ ।**

रेडिएण्ट उच्च माध्यमिक विद्यालय
महेन्द्रनगर, कञ्चनपुर, फोन नं.: ०९९-५२५१६९, ०९९-५२०९९२

# राना समुदायको तीजः संस्कृति र सद्भावको संगम

-पश्चिम नेपाल संवाददाता
धनगढी, ११ साउन



कैलालीका राना समुदायमा तीजको रौनकता छाएको छ। मायलाले शिर ढाकेर रङ्गीचङ्गी चोली अनि ब्लाउजको पहिरनमा, ठडिया, कनफूल, चुरा,पाउजु र नथ गहनाहरूले ढपक्क कलिला कन्यादेखि नारी र वयोवृद्धाहरू उल्लासमय छन्। सावनको डोला (पिङ) बनाउदै सुरिलो सामूहिक स्वरमा गाइरहेछन् महिलाहरू,

कौन वनकी है, लालासी डाँडी
कौने वनकी है चारो खम्हा ?
कजरी है वनकी लालासी डाँडी
वृन्दा हो वन चारो खम्हा

अर्थात् (यो रातो र आकर्षक डाँडी (डालो) कुन वनको हो?
'र चारवटा खम्बा (स्तम्भहरू) कुन वनका हुन?,
'यो रातो र मनमोहक डाँडी 'कजरी' वनको हो,
'र ती चारवटा खम्बा 'वृन्दा' वनका हुन्।)

चौरमा तीजको तयारी हुँदै थियो, रङ्गीचङ्गी दृश्य निकै सुन्दर र मनमोहक थियो। राना समुदायले श्रावण शुक्ल तृतीयाको दिन तीज पर्व मनाउछन्। राना बसोबास गर्ने गाउँमा तीज पर्वमा सार्वजनिक स्थानमा पिङ राख्ने र खेल्ने चलन छ। यसलाई उनिहरूले 'सावनको डोला' भन्ने गर्दछन्। यसै अवसरमा राना समुदायका महिलाहरू व्रत बस्ने र घर तथा सार्वजनिक स्थानमा समूहमा पिङ हालेर खेल्ने र सावनको डोला मनाउने परम्परा छ। धनगढी-११ स्थित घोडसुवाको चौरमा पनि तीजको तयारी गर्दै महिलाहरू रमाउदै थिए।

परम्परागत पहिरनमा सजिएका राना महिला आफ्नै पारामा गीत गाउँदै डोला खेल्दै रमाइलो गर्दछन्। यस पर्वलाई खेतीपातीको काम सकिएपछि थकाइ मेटाउने पर्वका रूपमा मनाउने गरिएको उक्त समुदायका महिलाहरू बताउँछन्।

स्थानीय राममती रानाले तीजअघि नै राना समुदायमा सावनको डोलामा रमाउने पिङ खेल्दै नाचगान गर्ने बताइन्। 'हाम्रो पुर्खादेखि नै दाजुभाइ, भतिजाहरूको दीर्घ आयुको लागि व्रत बस्ने चलन छ' उनले भनिन् 'अग्ला(लामा खम्बाहरूमा पिङ सजाएर डोला खेल्छौं, झिँझिँ नाच खेल्छौं, दिदीबहिनीले पिङमा मच्चिँदै माङ्गलिक गीत गाएर रमाइलो गर्छौं, विशेष गरी रोपाई र खेतबारीको काम भ्याईसके पछिको थकाइ मेटिन्छ।'

अर्की स्थानीय ममता रानाका अनुसार तीजमा विवाहित र अविवाहित दिदीबहिनीले आफ्ना दाजुभाइ, भतिजाहरूको दीर्घायुको कामना गर्दै निराहार व्रत बस्ने गर्छन। विवाह भइसकेका दिदीबहिनी सम्भव भएसम्म माइतमै गएर दाजुभाइ, भतिजाका लागि व्रत बस्ने चलन छ। उनले भनिन्,'सम्भव नभएमा आफू भएकै ठाउँमा पनि व्रत बस्न सकिन्छ।' यो पर्वमा विवाहित दिदीबहिनीलाई माइत आउनका लागि पर्व आनुपूर्व नै माइतीपक्षले लिन जाने चलन छ। लिन नगएमा विवाहिताले दुःख व्यक्त गर्ने बताइन्छ।

तीजको दिन व्रतालुले दिनभरि पुरी, सिमही, गुलगुला, पकौडा, कट्रालगायतका मीठा-मीठा परिकार पकाउने गरेका छन्। ती सबै परिकार सहित मुरिया (सावनको डोला बाँध्न प्रयोग भएको डोरी) र झुरकी (घाँसबाट बनाइएको गुडिया) व्रतालुले नदीमा सेलाउने चलन छ। चाँदीको पैसा हातमा लिएर नदीको बीच धारमा मुरिया र झुरकी सेलाउने गरिएको ममता बताउछिन्।

'चलो जा री झुरकी, गुड्डागुड्डी हमर ददा, भैयनकी उमर बढा' (जा झुरकी गैजा, हाम्रो दाजुभाइको आयु बढाउनु) भन्दै सेलाउने गर्छौं', उनले भनिन्, 'सेलाएको वस्तु जति टाढा जान्छ, त्यति नै हाम्रो दाजुभाइको आयु लामो हुने विश्वास गर्छौं।' सकेसम्म धेरै टाढा जाओस् भनेर नै नदीको बीच धारमा झुरकी, गुड्डागुड्डी सेलाउने गरेको उनले बताइन्।

त्यस क्रममा व्रतालु महिलाहरू सवनको डोला बनाउन प्रयोग गरिएको डोरी (मुरिया) काटेर लग्ने गर्दछन्। यसै गरी, झुरकी (कुशको गाँठो) बनाएर लग्ने चलन छ। विवाहित व्रतालुले सात वटा गाँठो र अविवाहितले पाँच वटा गाँठो बनाएर झुरकी लग्ने गरेको स्थानीय सुनिता रानाले बताइन। मुरिया र झुरकी दुवै नदीमा सेलाएर प्रसाद खाने चलन छ। झुरकी नदीमा बगेर जति टाढा गए दाजुभाइ, भतिजाको आयु त्यति नै लामो हुने विश्वास रहेको उनले उल्लेख गरिन।

दिदीबहिनी दीर्घायुको कामना गर्दै व्रत बसेपछि दाजुभाइ पनि खुसी हुन्छन् र आशीर्वाद सहित दक्षिणा (रुपैयाँ), चुरा, कपडालगायतका चिजहरू उपहार दिने गर्छन। यो समुदायको तीज पर्व दिदीबहिनीले विशुद्ध रूपमा आफ्ना दाजुभाइ, भतिजाको दीर्घायुका लागि व्रत बसेर मनाउने पर्व हो। व्रतालुले नदीमा पूजाको सामग्री सेलाइ फर्केपछि परिकारहरू खाने, खुसी साटासाट गर्ने चलन छ। यसैगरी, रमाउँदै 'सावनको डोला' (पिङ) खेल्ने चलन छ। गीत गाउँदै व्रतालु महिला लामा चार खम्बामा डोरीले काठको 'फल्याक' बाँधेर बनाइएको डोलामा परम्परागत पहिरन लगाएर पिङ खेल्ने चलन छ। डोलामा रमाउदै महिलाहरू मौलिक गीत र माङ्गलहरूको सुरिलो भाका हाल्छन् र रमाउछन्। 'पानीसमेत नखाएर दिनभरि व्रत बस्ने गर्छौं' राममति रानाले भनिन्, 'साँझपख नदी किनारमा पूजाअर्चना गरेर त्यहीँ प्रसादको रूपमा तयार पारिएको परिकार खाने चलन छ।' राना थारू समुदायको तिज अरू समुदायको तिजभन्दा फरक छ। महिलाहरू आफ्नो दाजुभाइ, भतिजाको दीर्घायुको कामना गर्दै व्रत बस्ने गर्छन। तीजमा दर होइन साँझ पूजाआजा गरेर एकैचोटि प्रसाद र भात खाने गर्छन। तीजको पूजाआजापछि व्रतालुसहित घरपरिवार सबै मिलेर सिमही, पुरी, गुलगुला, पकौडा, पपरा लगायतका मिठा परिकार खाने चलन रहेको छ।

तीज पर्वले दिदीबहिनी र दाजुभाइबिचको सम्बन्धलाई प्रगाढ बनाउँछ नै। यसका अतिरिक्त यो पर्वले समुदायमा मेलमिलाप, भाइचाराको सम्बन्ध पनि बढाउने गरेको धनगढी उप-महानगरपालिकाकी उपमेयर कन्दकला रानाले बताइन्। 'कैलाली र कञ्चनपुरका राना समुदायले निराहार व्रत बसेर धुमधामसँग तीज मनाउछन्, होली जस्तै तिज पनि यो समुदायको ठुलो पर्व हो।' उनले भनिन्, 'सबै परम्परा र संस्कृति हाम्रो साझा सवाल हो। यसले आपसी सद्रुभाव, मेलमिलाप र एकताको सन्देश दिन्छ।'

तीजमा यस समुदायका महिलाहरू मनको वेदना गाउँदै, गीतको माध्यमबाट आफन्त र इष्टमित्रहरूलाई सम्झन्छन। तीज केवल रमाइलो मात्र नभएर सांस्कृतिक एकताको पर्व पनि भएको उप(मेयर राना बताउछिन्।

'दादा भैयनकी लम्बि आयुके ताहीन प्रार्थना करत है और प्रसाद बनात है (दाइभाइहरूको लामो आयुका निम्ति प्रार्थना गर्छौं र प्रसाद बनाउछौं)' उनले भनिन्,'हाम्रो मात्र हैन सबै समुदायका महिला दिदीबहिनीहरूले तीज मार्फत एकरूपता कायम गरेका छन्।' सांस्कृतिक पहिचान र पहिरनलाई आर्थिक समृद्धिसँग जोड्ने प्रयास गरिरहेको उनको भनाइ छ।

XI Science Management
Admission Open 2082
Apply Now!
Spot Entrance
Form Distribution: From 2082/03/22
Class Started: From 2082/04/18

Features
- Model Institution
- Use of ICT
- Smart board, Projector Fitted Classroom
- Huge Library
- Modern Computer Lab
- Well Furnished Reading Room
- Pure Drinking Water
- Health Checkup, Change Room
- Sports
- Huge Seminar Hall
- Career & Exam Support
- ECA & CCA Activities
- Affordable fee structure with installment payment options
- Educational tours, industrial visits

Scholarship
- 100% to who secure "A+" grade in SEE
- 100% to youngest student of 3 brothers and sisters of same parents
- 50% to the student who are sisters and brothers of same parents
- 50% to Orphans
- 20% to who secure "A" grade in SEE
- 10% to who secure "B+" grade in SEE
- 10% to the Female
- 10% to the students from Baitadi, Dadeldhura, Darchula, Achham, Bajhang, Bajura, Doti
- 10% to Dalit, Janajati, Aadibasi
- 10% to who secure more than 60% in Entrance Exam

Limited Seat
Kanchan Vidya Mandir Secondary School
Bheemdatta-04, Bankhet, Kanchanpur
Cont. 099521129, 522135, 521392, 9848720408, 9848720409, 9848741711

SARC EDUCATION FOUNDATION
ADMISSION OPEN-2082
GET YOUR SCHOLARSHIP DON'T WAIT !
SCIENCE
MANAGEMENT
HOTEL MANAGEMENT
LAW
ENTRANCE EXAMINATION FORM DISTRIBUTION GOING ON
ENTRANCE FORM DISTRIBUTION
ASHAD 15TH, 2082
ENTRANCE EXAMINATION DATE
SHRAWAN 2nd, 2082 [11:00 AM]
RESULT ANNOUNCEMENT
SHRAWAN 2nd, 2082
9851162396, 9848751033, 9848751540,9843566302
sarcplustwo@gmail.com
www.sarc.edu.np

महाकाली बहुप्राविधिक शिक्षालय कञ्चनपुर
भर्ना सम्बन्धि सूचना

CTEVT, भीमदत्त नगरपालिका र महाकाली प्रादेशिक अस्पतालको साझेदारीमा सञ्चालित सुदूरपश्चिम प्रदेश भरिका टिभेट (CTEVT) संस्थाहरुमध्येबाट नमूना शिक्षालयका रुपमा छनौट भएको यस महाकाली बहुप्राविधिक शिक्षालयमा शैक्षिक सत्र २०८२/०८३ का लागि प्रमाण पत्र तह समान्य चिकित्सा (HA), अप्थाल्मिक साइन्स(OA), मेडिकल ल्याब टेक्नोलोजी(CMLT) र डिप्लोमा इन फार्मेसी कार्यक्रमहरुमा तपशिल अनुसार भर्ना खुलेको सहर्ष जानकारी गराइन्छ।

भर्ना कार्यक्रम
Online बाट आवेदन फाराम भर्न सुरु (२०८२ साउन ५ गतेदेखि
Online बाट फाराम भर्ने अन्तिम मिति (२०८२ साउन २६ गतेसम्म
Online आवेदनका लागि www.ctevt.org.np अन्र्तगत online application form मा Click गरी प्राप्त निर्देशन अनुसार फाराम भर्न सकिनेछ।
नोट : Online आवेदन फाराम शिक्षालयमा आएर निःशुल्क रुपमा भर्न सकिनेछ।

सिट संख्या
मेडिकल ल्याब टेक्नोलोजी ३० जना, समान्य चिकित्सा ४० जना, डिप्लोमा इन फार्मेसी ४० जना अप्थाल्मिक साइन्स ४० जना, (१) Net बाट Print गरी सम्बन्धित विद्यालयबाट प्रमाणित गरिएको SEE Grade Sheet , (२) चारित्रिक प्रमाणपत्र सक्कलको स्क्यान कपी
(३) जन्म दर्ता वा नागरिकता प्रमाणपत्र सक्कलको स्क्यान कपी
(४) सरकारी विद्यालयबाट अध्ययन गरेको भए सरकारी विद्यालय हो भनि प्रमाणित सक्कल स्क्यान कपी, (५) हालसालै खिचिएको ३५ बाई ४५ mm को फोटो
(६) लक्षित वर्गमा आवेदन सम्बन्धित वर्ग खुल्ने कागजतपत्र सक्कलको स्क्यान कपी

सम्पर्क महाकाली बहुप्राविधिक शिक्षालय
भीमदत्त नगरपालिका ४ महेन्द्रनगर, कञ्चनपुर
फोन नं. : ०९९(५२००४४,९८४८७२०२४७,९८४८७२६८६५

विगत १२ वर्षदेखि महेन्द्रनगरमा सञ्चालनमा रहेको सु.प. कै उत्कृष्ट कलेज
ADMISSION OPEN!
100% JOB PLACEMENT
+2 HOTEL MANAGEMENT
COMPUTER COMMERCE
SEEमा जुनसुकै ग्रेड आए पनि पढ्न पाईन्छ।
Hotel Management Courses
F & B Service
F & B Production (Cook)
Bartender/Sushi Training
Barista Coffee Training
Housekeeping
50% SCHOLARSHIP FOR GIRLS
Bheemdatt-18, Janakitole (Near Florida School) Mahendranagar, Kanchanpur
099-520086, 9848857933, 9865691710
APEX GODAWARI ACADEMY

# एक दशकदेखि अलपत्र आमघाट लिफ्ट सिँचाइ आयोजना

–पश्चिम नेपाल संवाददाता
महेन्द्रनगर, ११ साउन

कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-१२ आमघाटस्थित लिफ्ट सिँचाइ आयोजना एक दशकदेखि अलपत्र परेको छ। किसानलाई वनहरा नदीबाट पानी लिफ्ट गरी सिँचाइ गर्नका लागि ७२ लाख बढीको लागतमा निर्माण गरिएको उक्त आयोजना सञ्चालनमा नआउँदै अलपत्र परेको हो।

सङ्घीय सरकार र एसियाली विकास बैंक (एडिबी)को संयुक्त लगानीमा सामुदायिक सिँचाइ आयोजना (सिआइपी) कार्यक्रमअन्तर्गत विसं २०७२ मा लिफ्ट सिँचाइ आयोजना निर्माण गरिएको थियो। किसानलाई ६४ हेक्टर क्षेत्रफल जग्गामा सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले आयोजना निर्माण गरिएको आमघाट लिफ्ट सिँचाइ आयोजनाका अध्यक्ष भीमसेन रानाले बताए।



'आयोजना निर्माण भएको वर्ष वर्षामा आएको बाढीले गर्दा नदीले धार परिवर्तन गर्‍यो', उनले भने, 'नदीलाई फर्काउन सकेनौँ, त्यसपछि आयोजना सञ्चालनमा आउन सकेन्।' निर्माण व्यवसायीले एक पटक पानी पाइप लाइनमार्फत पुर्‍याएको जनाउँदै उनले पछि बाढीका कारण आयोजना सञ्चालन हुन नसकेको उल्लेख गरे।

पटकपटक प्रदेश र नगरपालिका कार्यालयमा आयोजना सञ्चालनका लागि बजेटको माग गर्दै पुगेपनि सुनवाइ हुन नसकेको अध्यक्ष रानाको भनाइ छ। आयोजना सञ्चालनमा ल्याउनका लागि वैकल्पिक उपायका रूपमा डिप बोरिङ गरे मात्रै सम्भव हुने उनले बताए। नदी फर्काएर अहिले ल्याए पनि अर्को बर्खातको बाढीमा पुरानै धारमा बग्ने भएकाले आयोजनालाई 'रिभर वेस'मा आधारित भएर चलाउन सम्भव नहुने अध्यक्ष रानाले बताए। उनका अनुसार आयोजनाअन्तर्गत पाँच केभिएको ट्रान्सफर्मर राख्ने, विद्युत्को थ्रिफेस लाइन राख्ने, विद्युतीय मोटर जडानलगायत यन्त्र राख्ने घर निर्माण गरिएको छ।

सिँचाइका लागि किसानका खेतमा पाइप लाइन बिछ्याउने कार्य गरिएको शुक्लाफाँटा-१२ का वडाध्यक्ष नवलसिंह रानाले बताउँदै वडाको बजेटले आयोजनालाई सञ्चालन गर्न सकिने धारणा राखे। 'आयोजनालाई पूर्ण रूपमा सञ्चालन गर्न नदी फर्काउनुपर्ने हुन्छ', उनले भने, 'त्यसका लागि ठूलो बजेट आवश्यक पर्नेमा त्यो वडासँग छैन।'

नगर र प्रदेश सरकारसँग बजेटका लागि पहल गर्ने बताउँदै उनले आयोजना सञ्चालनमा आएका लालझाडी गाउँपालिकाका दुई सय र शुक्लाफाँटाका दुई सय परिवार लाभान्वित हुने जानकारी दिए। सिँचाइ आयोजना अलपत्र परेपछि पानी तान्न राखिएका विद्युतीय मोटरलगायत सामग्री चोरी हुन थालेका छन्। गएको महिना मात्रै चोरले विद्युतीय मोटर चोरी गरेर लैजादै गरेको अवस्थामा स्थानीयले बरामद गरेका थिए।

# सुदूरपश्चिमका १३ क्याम्पसलाई आङ्गिक बनाउन प्रधानमन्त्रीको ध्यानाकर्षण

–पश्चिम नेपाल संवाददाता
बैतडी, ११ साउन

साउन ११ गते। बैतडीका दुईसहित सुदूरपश्चिमका १३ क्याम्पसलाई सुदूरपश्चिम विश्वविद्यालयको आङ्गिक क्याम्पस बनाउन माग गरिएको छ।

बैतडीको पुर्चौडी बहुमुखी क्याम्पस हाट र गोकुलेश्वर कृषि तथा पशु विज्ञान कलेज, दार्चुलाको शङ्करपुर बहुमुखी क्याम्पस पस्तीसहित सुदूरपश्चिमका १३ क्याम्पसलाई आङ्गिक बनाउन प्रधानमन्त्री केपी शर्मा ओलीलाई ध्यानाकर्षण पत्र बुझाइएको अनेरास्ववियुका निर्वतमान उपाध्यक्ष गोविन्द गिरीले बताए

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त १३ क्याम्पसलाई आर्थिक वर्ष २०८२/८३ मा सुदूरपश्चिम विश्वविद्यालयको आङ्गिकको रुपमा समायोजन गरिदिन आग्रह गरिएको ध्यानाकर्षण पत्रमा उल्लेख छ। 'सत्यसित नलड्ने र शक्तिसित नझुक्ने' समाज निर्माणमा शिक्षाको भूमिका अत्यन्त महत्वपूर्ण हुने उल्लेख गर्दै शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्न सरकारको ध्यानाकर्षण गराइएको उल्लेख गरिएको छ।

एमाले सुदूरपश्चिम इञ्चार्ज लेखराज भट्टको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले कञ्चनपुरको भानु बहुमुखी क्याम्पस दोधरा चाँदनी र कृष्ण वैजनाथ बहुमुखी क्याम्पस झलारी, अछामको अछाम बहुमुखी क्याम्पस, डोटीको केदार ज्योतिपुञ्ज बहुमुखी क्याम्पस, कैलालीको लम्की बहुमुखी क्याम्पस र घोडाघोडी बहुमुखी क्याम्पसलाई आङ्गिक बनाउन माग गरेको छ।

यस्तै बझाङको बझाङदीप बहुमुखी क्याम्पस र सुनकुडा बहुमुखी क्याम्पस, डडेल्धुराको भीमदत्त बहुमुखी क्याम्पस, कञ्चनपुरको महाकाली बहुमुखी क्याम्पस बेलौरीलाई सुदूरपश्चिम विश्वविद्यालयको आङ्गिक क्याम्पसमा समायोजन गर्न माग गरिएको छ।

सुदूरपश्चिम प्रदेश भौगोलिक रूपमा विकट र विकासमा पछाडि परेको क्षेत्र भएकाले शिक्षामा गरिएको लगानीले बसाइसराइ नियन्त्रण, स्थानीय रोजगारीको सृजना र उत्पादनमुखी अर्थतन्त्रतर्फको यात्रा सहज बनाउने निर्वतमान उपाध्यक्ष गिरीले बताए।




## उदयदेब बहुउद्देश्यीय सहकारी संस्था लि.
## महेन्द्रनगर, कञ्चनपुर

# वार्षिक साधारण सभा सम्बन्धि सूचना

यस उदयदेब बहुउद्देश्यीय सहकारी संस्था लि. को २७ औं वार्षिक साधारण इकाईगत साधारण सभा तपशिलको मिति तथा स्थानमा हुने भएकाले शेयर सदस्यज्यूहरुलाई उपस्थितिका लागि हार्दिक आमन्त्रण गर्दछौ।

**साधारण सभाका विषयहरू**

(१) संस्थाको सञ्चालक समिति २०८१/०८२ को वार्षिक प्रतिवेदन
(२) आ.व. २०८१/०८२ को वार्षिक लेखा परीक्षण प्रतिवेदन
(३) संस्थाको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन
(४) आ.व. २०८२/०८३ को वार्षिक बजेट, कार्यक्रम, मिति स्वीकृत गर्ने सम्बन्धमा
(५) शेयर लाभाांश पारित तथा वितरण सम्बन्धमा
(६) संरक्षित पूजी फिर्ता कोष तथा कर्मचारी बोसन वितरण सम्बन्धमा
(७) आ.व. २०८२/०८३ को लागि लेखा परीक्षक नियुक्ति तथा निजको पारिश्रमिक सम्बन्धमा
(८) कार्यविधि, निर्देशिका पारित गर्ने सम्बन्धमा
(९) बाहृय निकायबाट अनुदान, ऋण स्वीकार गर्ने सम्बन्धमा
(१०) संस्थाको कर्मचारीको दरबन्दी तथा पदपूर्ति गर्ने सम्बन्धमा
(११) संस्थाको बचत तथा कर्जाको ब्याज अनुमोदन गर्ने सम्बन्धमा
(१२) संस्थामा कार्यरत कर्मचारीको सेवा सुविधा थप गर्ने सम्बन्धमा
(१३) संस्थाका लागि आवश्यक पर्ने सवारी साधन, उपकरण खरिद गर्ने सम्बन्धमा
(१४) कृषि प्रवर्द्धन केन्द्रलाई स्तरोन्नति गर्न आवश्यक उपकरण खरिद सम्बन्धमा
(१५) बिउ प्रशोधन केन्द्रका लागि आवश्यक पर्ने गोदाम घर निर्माण गर्ने सम्बन्धमा
(१६) अन्य सहकारी संस्थासंग एकीकरण गर्ने र एकीकरण गर्न कार्यदल गठन गर्ने सम्बन्धमा
(१७) निर्णय प्रमाणीकरणका लागि प्रतिनिधि छनौट गर्ने सम्बन्धमा

| क्र.सं. | मिति | सेवा केन्द्र | समय |
|---|---|---|---|
| १. | २०८२/५/६ | डडेल्धुरा | ११ बजे विहान |
| २. | २०८२/५/७ | बैतडी | १० बजे विहान |
| ३. | २०८२/५/१३ | धनगढी/अत्तरिया | ११ बजे विहान |
| ४. | २०८२/५/२० | कृष्णपुर/झलारी/दैजी | ११ बजे विहान |
| ५. | २०८२/५/२७ | बेलौरी/दोधारा | ११ बजे बिहान |
| ६. | २०८२/६/५ | निर्णय प्रमाणीकरण (केन्द्रीय कार्यालय महेन्द्रनगर | ११ बजे विहान |




गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं।

❖पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
❖मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
❖सडेगलेको र बासी खानेकुरा नखाऔं,
❖खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
❖धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
❖घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
❖घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
❖व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# Admission Open




SCIENCE
MANAGEMENT
LAW
✓ Computer Science
✓ Finance
✓ Business Studies



- Ranked as leading and reputed institution.
- Highly experienced, young, qualified, energetic and dedicated teaching staff.
- Excellent performance in NEB/HSEB result .
- Outstanding achievements in MBBS/BE scholarships & CA.
- The choice of school Toppers.
- Scholarships for deserving and needy students.
- Well furnished AC class rooms with CC camera surveillance.
- Homely teaching learning environment
- Highly focused on Extra-curricular activities
- Sophisticated Science, Management, Computer lab & well stocked library.
- . Multimedia class rooms.
- Hostel facilities for boys and girls.
- Transportation facilities.








**Limited Seats**
Science
Management
LAW

## Admission Schedule

# Admission is ongoing

# Little Buddha Secondary School
Kanchanpur, Phone: 099- 520894, 522594, 521056


मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७